## बालबालिकाको व्यवसायिक यौन शोषण विरुद्ध तथा मनोरञ्जन क्षेत्रका महिला तथा बालबालिकाहरुसँग काम गर्ने केही संस्था/निकायहरू

१. संस्थाको नाम : **सिविन नेपाल**
फोन नं. : ०१-४२८२२५५, ४३१०००२
फयाक्स नं. : ०१-४२७८०१६
ईमेल : cwin@mos.com.np
वेभसाइट : www.cwin.org.np
टोल फ्रि नम्बर : १०९८

२. संस्थाको नाम : **नारी सीप सृजना केन्द्र, मकवानपुर**
फोन नं : ९७७-०५-७५२५११५, ०५७-५२४२२१
ईमेल : woscc@ntc.net.np, wosccnepal2049@gmail.com
वेभसाइट : www.woscc.org.np

३. संस्थाको नाम : **शक्ति समूह, काठमाडौं**
फोन नं. : ९७७-०१-४४७८११७
ईमेल : shaktisamuha.nepal@gmail.com
वेभसाइट : www.shaktisamuha.org.np
हटलाइन : १६६०-०१-१११७ (नि:शुल्क नम्बर)

४. संस्थाको नाम : **ग्रामीण महिला सिर्जनशील परिवार, सिन्धुपालचोक**
फोन नं. : ९७७-०११-४८२१९८, ०११-४८२१९९
ईमेल : srijansil@gmail.com

५. संस्थाको नाम : **हिमालयन ह्युमन राइट्स मोनिटर्स (हिमराइट्स), ललितपुर**
फोन नं. : ९७७-०१–५५५५१११
ईमेल : himrights@wlink.com.np
वेभसाइट : www.himrights.org

६. संस्थाको नाम : **समाज सेवा मानव अधिकारमा महिला र बालबालिका (CWISH), काठमाडौं**
फोन नं. : ९७७-०१-४७८४९४९, ०१-४७८०४४६
ईमेल : info@cwish.org.np
वेभसाइट : cwish.org.np

७. संस्थाको नाम : **आवाज, सुर्खेत**
फोन नं. : ९७७-०८३-५२२३८३, ०८३-५२२४७७, १०९८ (Child Helpline)
ईमेल : skt@aawaaj.org.np, ktm@aawaaj.oprg.np
वेभसाइट : www.aawaaj.org.np

८. संस्थाको नाम : **शक्ति मिलन समाज, काठमाडौं**
फोन नं. : ९७७-०१-४००८५६४
ईमेल : shaktimilan@gmail.com
वेभसाइट : www.shaktimilan.org.np

९. संस्थाको नाम : **महिलाको निम्ति महिला मञ्च नेपाल, काठमाडौं**
फोन नं. : ९७७-१-४३८१६८६
ईमेल : wofowon@gmail.com
वेभसाइट : www.wofowon.org.np

१०. संस्थाको नाम : **विश्वास नेपाल, काठमाडौं**
फोन नं. : ९७७-०१-४२४५०९३
ईमेल : biswasnepalorg@gmail.com
वेभसाइट : www.biswasnepal.org

११. संस्थाको नाम : **किङ्डम इन्भेष्टमेन्ट नेपाल (के.आई.नेपाल), ललितपुर**
फोन नं. : ९७७-०१-५५३३३७८, ०१-५५४२५३९
ईमेल : indra.kinepal@gmail.com, bimala.kinepal@gmail.com
वेभसाइट : www.kinepal.org

१२. संस्थाको नाम : **चेन्ज नेपाल, काठमाडौं**
फोन नं. : ९७७ ०१-४२७१४७६ (कलंकी), ०१-६९२२६९२, ०१-४३८४०४३ (ठमेल), ९८०५८३१२४८ (गोंगबु), ०१-६९२२६९१
ईमेल : changenepal@mail.com.np
वेभसाइट : www.changenepal.org.np

१३. संस्थाको नाम : **छोरी, ललितपुर**
फोन नं. : ९७७-०१-५१०४१०५
ईमेल : chhori.org@gmail.com
वेभसाइट : www.chhori.org
दिने सेवाहरू : आवास गृह, शिक्षा, सीपमूलक तालिम, मनोसामाजिक परामर्श, कानुनी सेवा

१४. संस्थाको नाम : **सामाजिक सेवा केन्द्र (सोसेक) नेपाल, दैलेख**
फोन नं : ०८९ ४१०१८७, ४१००९६
फयाक्स नं. : ०८९ ४१००९३
ईमेल : sosecdailekh@gmail.com, info@sosec.org.np
वेभसाइट : www.sosec.org.np

१५. संस्थाको नाम : **चेतना अभिवृद्धि केन्द्र (क्याप) नेपाल, काठमाडौं**
फोन नं. : ९७७-०१-४६५०६१४, ९७७-०१-४६२१६६१६
ईमेल : info@capnepal.org, capnepalnews@gmail.com
वेभसाइट : www.capnepal.org

१६. संस्थाको नाम : **साथसाथ, काठमाडौं**
फोन नं. : ९७७-०१-४४९४५३४
हटलाइन : १६६०-०१-५१०५१५
ईमेल : info@sathsath.org
वेभसाइट : www.sathsath.org

१७. संस्थाको नाम : **युथ फर सोसल ट्रान्सफोरमेसन (YST) नेपाल, काठमाडौं**
फोन नं. : ०१६२००३७७, ९८०१०४१२७७, ९८०१११६८८३
ईमेल : ystn.org@gmail.com
वेभसाइट : ystnepal.org.np

१८. संस्थाको नाम : **कानून अन्वेषण तथा स्रोत विकास केन्द्र (सेलर्ड), काठमाडौं**
फोन नं : ४४८३७०६, २०४२२६८
फयाक्स नं. : ९७७-१-४४८३७०६
ईमेल : info@celrrd.org, celrrd@wlink.com.np
वेभसाइट : wwww.celrrd.org

१९. संस्थाको नाम : **सामाजिक विकासको लागी ककनी केन्द्र, नुवाकोट**
फोन नं. : ९७७-०१-४३९०७७९, ९८४१२५८०७१
ईमेल : info_kcdc@yahoo.com
वेभसाइट : www.kcdc.org.np

२०. संस्थाको नाम : **आवाज अभियान नेपाल, धादिङ्ग**
फोन नं. : ९७७-०१०-५२०९६६
ईमेल : awauaviyan@gmail.com
वेभसाइट : www.awajaviyannepal.org

२१. संस्थाको नाम : **साथी नेपाल, ललिलपुर**
फोन नं. : ९७७-०१-५५३३७०३, ५५३३७०४
ईमेल : saathi.ktm@gmail.com
वेभसाइट : www.saathi.org.np

२२. संस्थाको नाम : **माईती नेपाल, काठमाडौं**
फोन नं. : ९७७-०१-४४५९८१६, ४४९२९०४
ईमेल : info@maitinepal.org
वेभसाइट : www.maitinepal.org

२३. संस्थाको नाम : **कुमुदिनी, काठमाडौं**
फोन नं. : ९७७-०१-४३७४४४९, ९८४१३६५४१४
ईमेल : kumudini014@gmail.com
वेभसाइट : www.kumudini.org

२४. संस्थाको नाम : **राष्ट्रिय मानव अधिकार आयोग, ललितपुर**
फोन नं. : ९७७-०१-५०१००१५
ईमेल : nhrc@nhrcnepal.org
वेभसाइट : www.nhrcnepal.org
हटलाइन : ९७७-१-५०१००००

२५. संस्थाको नाम : **केन्द्रीय बाल कल्याण समिति, ललितपुर**
फोन : ९७७-०१-५०१००४५

२६. संस्थाको नाम : **बालबालिका खोजतलास केन्द्र, काठमाडौं**
हटलाइन : १०४

२७. संस्थाको नाम : **बाल हेल्पलाइन (निशुल्क नम्बर)**
हटलाइन : १०९८ (काठमाडौं, सुर्खेत, लम्जुङ्ग, चितवन, रूपन्देही, कपिलवस्तु, कास्की, मकवानपुर, मोरङ्ग, कैलाली, बाँके, बर्दिया, दैलेख र उदयपुर)


प्रकाशन २०७४

सहयोग
THE FREEDOM FUND
GENEVA GLOBAL PERFORMANCE PHILANTHROPY


# कतै तपाईका वरिपरि कोही बालबालिका यौन शोषणको शिकार हुनु भएको छ कि !



**सचेत रहौं, सचेत गराऔं !**
**बालबालिकाको संरक्षणमा एकजुट होऔं !**


AATWIN

**महिला तथा बालबालिका बेचबिखन विरुद्ध सहकर्मी समूह नेपाल (एटविन)**

बबरमहल, काठमाडौं, नेपाल पो.ब.न. २४९६०
फोन. ०१-४२२९७८७/४२२०४७८, फ्याक्स: ४२२९७८७
ईमेल: aatwin@ntc.net.np वेभसाइट: www.aatwin.org.np

मानव बेचबिखन नेपालको एक गम्भीर समस्याको रूपमा रहेको छ। मानव बेचबिखनलाई राज्यले जघन्य अपराधको रूपमा लिएको छ। नेपालमा सीमाना पारिको बेचबिखनका साथसाथै आन्तरिक बेचबिखनले पनि गम्भीर रूप लिँदै गएको छ। मानव बेचबिखनको जोखिममा धेरै संख्यामा महिला तथा बालबालिका पर्ने भएतापनि आन्तरिक बेचबिखनमा बढी बालबालिकाहरू पर्ने गर्दछन्। आन्तरिक बेचबिखनको उद्देश्य श्रम शोषण तथा यौन शोषण गर्नु रहेको हुन्छ र अन्य विभिन्न कामका लागि पनि गरिन्छ। त्यसमा बालबालिकाहरूको व्यवसायिक यौन शोषण पनि रहेको छ। एक सभ्य समाज र जिम्मेवार व्यक्तिलाई यो कदापि पनि स्वीकार्य हुन सक्दैन। समाजमा हुने यस प्रकारको अपराधलाई पहिचान गरी यसको अन्त्यका लागि सबै व्यक्ति र निकायको भूमिका आवश्यक र महत्वपूर्ण हुन्छ। यस विषयलाई पहिचान गरी यस प्रति संवेदनशील भएर एकजुट भएर यसको अन्त्य गर्न सकिन्छ।

## बालबालिकाहरू को हुन् ?

बालअधिकार महासन्धि १९८९ ले १८ वर्ष भन्दा कम उमेरका व्यक्तिलाई बालबालिका भनेर परिभाषित गरेको छ। तर नेपालको बालबालिका सम्बन्धी ऐन, २०४८ ले १६ वर्ष भन्दा कम उमेरका व्यक्तिलाई बालबालिकाका रूपमा परिभाषित गरेको छ।

## व्यवसायिक यौन शोषण भनेको के हो ?

आर्थिक लेनदेन तथा अन्य कुनै किसिमबाट फाइदा लिनका लागि व्यक्तिलाई व्यवसायिक रूपमा यौनजन्य कार्यमा संलग्न गराउने कार्य व्यवसायिक यौनशोषण हो। जसमा डरत्रास, छलछाम, धोका, बल वा शक्तिको प्रयोग जस्ता तत्वको प्रयोग भएको हुन्छ। यस्तो कार्यबाट पीडित शारीरिक, मानसिक, आर्थिक रूपमा शोषित भएको हुन्छ र उसको मानव अधिकार पूर्ण रूपमा हनन् भएको हुन्छ।

## बाल यौन दुर्व्यवहार तथा शोषण भनेको के हो ?

बाल यौन दुर्व्यवहार तथा शोषण समाजमा सबैभन्दा बढी लुकेको/लुकाइएको र प्रहरीकहाँ साह्रै कम उजुरी पर्ने बालबालिका तथा नवयुवा विरूद्धको हिंसा हो। यौन दुर्व्यवहारबाट बालक र बालिका दुवै पक्ष प्रताडित हुने गरेका छन्। यो परिवार, विद्यालय र समुदाय जहाँसुकै पनि घट्न सक्दछ। यस्ता घटनाहरू बढी मात्रामा बालबालिकाका चिनेजानेकै व्यक्तिहरूरूबाट घटाइएको पाइन्छ।

व्यवसायिक बाल यौन शोषण बाल अधिकार हननको अर्को डरलाग्दो स्वरूपका रूपमा दक्षिण एसियामा देखा परिरहेको छ। यस अन्तर्गत बाल वेश्यावृत्ति, यौन पर्यटन, अश्लिल चित्रहरूमा बालबालिकाहरूको दुरूपयोग, इन्टरनेटमा बालबालिका सम्बन्धी अश्लिल सामग्री र बेचबिखन पर्दछन्।

## व्यवसायिक बाल यौन शोषण भनेको के हो ?

क) १६ वर्ष भन्दा कम उमेरका बालबालिकाहरूलाई आर्थिक लेनदेन तथा अन्य कुनै किसिमबाट फाइदा लिने उद्देश्यले यौनजन्य कार्यमा संलग्न गराउने कार्य नै व्यवसायिक बाल यौनशोषण हो - Declaration of First World Congress against Commercial Sexual Exploitation of Children, held in Stockholm in 1996।

ख) बालबालिकाहरूलाई व्यावसायिक उद्देश्यले यौनजन्य कार्यमा संलग्न गराउने कार्य, जुन कार्यबाट त्यस्तो व्यक्ति वा तेस्रो व्यक्तिले आर्थिक वा अन्य किसिमका फाइदाहरूरू लिने गर्दछन्, जसबाट बालबालिकाहरूमाथि बल तथा हिंसाको समेत प्रयोग भएको हुन्छ। यो एक प्रकारको वाध्यात्मक श्रम तथा दासत्वको स्वरूप हो - UNICEF।

ग) बालबालिकाहरूलाई यौनजन्य कार्यमा संलग्न गराई त्यसबाट दोस्रो व्यक्तिले नाफा वा फाईदा लिन्छ भने त्यस्तो कार्य बालबालिका माथि हुने व्यावसायिक यौन शोषणको कार्य हो - World Health Organization।

## व्यवसायिक बाल यौन शोषणमा संलग्न पक्षहरू के के हुन् ?

बालबालिका माथिको व्यावसायिक यौनशोषण अर्को कुनै व्यक्ति वा समूहको आर्थिक वा अन्य किसिमका फाइदाका लागि गरिन्छन्। यसर्थ यसमा कुनै अपराधिक तत्व संलग्न रहेको हुन्छ।

## बाल यौन शोषणका कस्ता असरहरू देखिन्छन् ?

बाल यौन शोषणबाट प्रभावित बालबालिकाहरूलाई पर्ने प्रभाव घातक र जीवन पर्यन्त शारीरिक, भावात्मक र मनोवैज्ञानिक क्षति पुऱ्याउने खालको हुन सक्दछ। बालबालिकाहरूको यौन शोषणका लागि उनीहरूलाई वस्तु वा सामग्रीको रूपमा दुरूपयोग गरिंदा उनीहरूको आत्मस्वाभिमान गुम्ने डर हुन्छ र जीवनभर कमजोर मानसिकतामा बाँच्नु पर्ने हुन सक्दछ। व्यवसायिक बाल यौन शोषणबाट बालबालिकाहरूलाई मात्र होइन परिवार र समुदायलाई समेत नकरात्मक असर पर्दछ र समाजमा गम्भीर सामाजिक परिणामहरू देखापर्न सक्दछ।

## नेपालमा (व्यवसायिक) बाल यौन शोषणको अवस्था कस्तो छ ?

आजभोलि बालबालिकाहरूको यौन शोषण, (ना) बालिकाको बलात्कार तथा बालबालिकाहरूको बेचबिखनका घटनाहरूले अखबारका पानाहरू भरिने गरेका छन्। बाल हेल्पलाइन १०९८ र प्रहरी प्रतिवेदनहरूले पनि बढ्दो बाल यौन शोषणको पुष्टि गरिरहेका छन्। यात्रामा निस्किने आन्तरिक तथा वाह्य पर्यटकहरूको बढ्दो आवतजावत तथा हिंडडुलले पनि बाल यौन शोषण बढाइरहेको तथ्यहरू सार्वजनिक हुने गरेका छन्।

## बालबालिकाहरू कसरी (व्यवसायिक) यौन शोषणमा पर्दछन् ?

❖ यौन पर्यटन (Sex Tourism)

विदेशबाट आउने कतिपय पर्यटकहरू यौन तृष्णा पूरा गर्नकै लागि विभिन्न देशहरूमा घुम्न आउने गर्दछन्। यस प्रकारका यौन पर्यटक आउने स्थानमा यौन व्यवसायीहरूको माग भइरहेको हुन्छ। यस क्रममा बालबालिकाहरू पनि अपराधिक तत्वको चंगुलमा परेर यस्ता स्थानहरूमा पुऱ्याउन सक्तछन्। र व्यवसायिक यौन शोषणको सिकार हुन सक्छन्। इकप्याट इन्टरनेशनलले २०१६ मा सार्वजनिक गरेको यात्रा तथा पर्यटन क्षेत्रमा बालबालिकाहरूको यौन शोषण सम्बन्धी विश्वव्यापी प्रतिवेदनले बालबालिकाहरूको यौन शोषणको भयावह तस्विर प्रस्तुत गरेको छ। प्रतिवेदनका अनुसार पर्यटन मुख्य आयस्रोतका रूपमा रहेका दक्षिण एसियाका कतिपय क्षेत्रहरूमा बालबालिकाहरूको यौन शोषण व्यापक रूपमा रहेको देखिएको छ। जोखिममा रहेका बालकहरू सडकमा आधारित यौन शोषणमा पर्न सक्छन् भने बालिकाहरू देहव्यापारका स्थानहरू र अन्य यौन क्षेत्रमा पीडित हुन सक्तछन्। मोबाइल फोन माथिको व्यापक पहुँच र यात्रा तथा पर्यटन व्यवसायको व्यापकता र पूर्वाधार बढ्नु तर सामाजिक सुरक्षा सञ्जालको अभावका कारण अभियुक्तहरू सजिलै उम्किने स्थिति छ।

❖ बाल यौन दुराचारी (Pedophilia)

आफ्नो यौन साथीका रूपमा वयस्कहरूले बालबालिकाहरूलाई दुरूपयोग गर्ने प्रवृत्तिका मानिसहरूलाई बाल यौन दुराचारी भनिन्छ। बालबालिकालाई ललाई फकाई र प्रलोभनमा पारी गरिने यस प्रकारको यौन क्रियाकलापमा समाजमा प्रतिष्ठित जस्ता देखिने महिला तथा पुरूषहरू संलग्न रहने गरेको पाइन्छ। यस अपराधिक कार्यबाट विशेषगरी जोखिम परिस्थितिका बालबालिका प्रभावित हुने गरेका छन्। बाल यौन दुराचारीहरूले सडक बालबालिकाहरूलाई सुविधा दिने नाममा खोलेका कतिपय गृहहरू बाल यौन दुराचारका अखडाहरू बनिरहेको देखिएको छ।

❖ बाल वेश्यावृत्ति (Prostitution)

यौन बजारको मागलाई हेरेर बालबालिका विशेषत: बालिकाहरूलाई वेश्यावृत्तिका लागि दलालहरूले वेश्यालयहरूरूमा पुऱ्याउने गरेको पाइन्छ। यसरी वेश्यालय पुऱ्याइएका बालिकाहरू व्यवसायिक यौन शोषणमा पर्ने गर्दछन्। बालबालिकाको बेचबिखन तथा ओसारपसार (Child trafficking and transportation) यौन शोषणका लागि बालबालिकाको ओसारपसार दक्षिण एसियाको ठूलो रोगका रूपमा रहेको छ। यसबाट किशोर किशोरीहरू बढी मात्रामा प्रभावित रहेका छन्। उनीहरूलाई ग्रामीण क्षेत्रबाट ठूला शहरहरूमा ल्याइने गरिन्छ। यसैगरी एक देशबाट अर्को देशमा पनि लैजाने गरिन्छ।

❖ बालअश्लिल चित्रण (Child Pornography)

इन्टरनेट पद्धतिको प्रगति सँगसँगै बाल यौन शोषणका घटनाहरूमा पनि बढोत्तरी भइ रहेको छ। यसमा बालबालिकालाई अश्लिल तरिकाले चित्रण गरी सार्वजनिक गर्ने जस्ता कामहरू हुने गरेका छन्। अबोध बालबालिकाको नग्न तश्विरहरू खिची इन्टरनेटबाट सार्वजनिक गरिदिंदा बालबालिकालाई मानसिक रूपमा पर्ने असर भयावह हुने देखिन्छ। त्यसैगरी इन्टरनेटमा पहुँच भएका बालबालिका सहजै वयस्क साइटमा छिर्न सक्ने हुँदा सो बाट उनीहरूमा पर्न सक्ने क्षति पनि कम छैन। फुटपाथमा हुने यौन व्यवसाय (Street Sex work) सडक किनारामा हुने यौन व्यवसायमा बालबालिकाहरू सहजै सामेल हुन सक्दछन्। विशेषगरी सडक बालबालिकाहरू यस किसिमका समस्याबाट बढी प्रताडित हुने गरेका छन्।

❖ बाल तथा जबरजस्ती विवाह (Child and force marriage)

बालविवाह वा जबरजस्ती भएका विवाहबाट बालबालिकाहरू विशेषगरी बालिकाहरू प्रभावित हुने गरेका छन्। शारीरिक तथा मानसिक रूपमा पूर्ण विकास नभइकनै गरिएका यस्ता विवाहबाट बालिकाहरू यौन दुर्व्यवहारको शिकार हुने गर्दछन्। सानै उमेरको बुहार्तन र आमा हुनुपर्ने वाध्यताले उनीहरू शारीरिक तथा मानसिक रूपमा कमजोर हुन पुग्दछन्। यसले बालबालिकाहरूको समग्र विकासमा बाधा पुऱ्याउँदछ।

## बाल संरक्षणका लागि नेपालमा कस्ता कानुनी व्यवस्थाहरू छन् ?

बाल यौन शोषण तथा व्यवसायिक बाल यौन शोषणबाट बालबालिकालाइ जोगाउनका लागि नेपालमा हालसम्म कुनै छुट्टै कानुन बनेको छैन। यद्यपी प्रचलित कतिपय कानुनहरूमा यसलाई दण्डनीय भनेको छ।

## केही कानुनी व्यवस्थाहरू निम्न अनुसार रहेका छन् :

❖ नेपालको संविधानमा बालसंरक्षणको व्यवस्था मिलाइएको छ।
  ◆ मौलिक हक अन्तरगत - धारा ३८. महिलाको हक, धारा ३९. बालबालिकाको हक, धारा ५१. राज्यका नीतिहरू
❖ मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४
❖ मुलुकी अपराध (संहिता) ऐन, २०७४
❖ बालबालिका सम्बन्धी ऐन, २०४८
❖ मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४

## बाल यौन दुर्व्यवहारका घटनामा कहाँ खबर गर्ने ?

बाल यौन दुर्व्यवहार लगायत बालबालिकाहरू कुनै पनि जोखिम परिस्थितिमा पर्न लागेको स्थितिमा तत्कालै काठमाण्डौं लगायत देशका विभिन्न शहरहरूमा नेपाल सरकार तथा बालबालिकाहरूका क्षेत्रमा क्रियाशील सामाजिक संस्थाहरूको सहकार्यमा सञ्चालित बाल हेल्पलाइनको पैसा नलाग्ने फोन १०९८ (दश नौ आठ) वा नजिकको प्रहरीलाई खबर गर्न सकिन्छ। बालबालिका स्वयम्ले पनि यी संरचनाहरूमा खबर गर्न सक्तछन्। स्थानीय स्तरमा स्थापित बाल संरक्षण समिति वा गाउँको सबैभन्दा विश्वासिलो मानिसलाई जानकारी दिंदा पनि यस्ता अपराधिक घटनाहरूलाई न्युनीकरण गर्न मद्दत पुग्दछ।